नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

पुल्चोक, ललितपुर।

## Cairo International Fair (CIF) मा सहभागिता सम्वन्धी

## सूचना

प्रथम पटक प्रकाशन (मितिः२०८०/९/२५)

आगामी फेब्रुअरी २९ देखी मार्च ९, २०२४ (फागुन १७-२६, २०८०) मा Egypt Expo & Convention Authority(EECA) ले आयोजना गर्ने Cairo International Fair (CIF) मेलामा नेपाली उत्पादनहरुको बजार प्रवर्द्धन गर्ने उदेश्यले निःशुल्क स्टल बाहेक सहभागिताका लागि आयोजकबाट मेलामा सहभागिता सम्वन्धी शर्त र केन्द्रले तय गरेको मापदण्ड पालना गर्ने गरी लाग्ने सम्पूर्ण खर्च आफैले व्यहोर्ने गरी भाग लिन ईच्छुक कानून बमोजिम रीत पुगेका उद्योग/फर्म/कम्पनी/संघ सस्थाहरुबाट सहभागिताको लागि मिति २०८०/१०/७ गते कार्यालय समय भित्र कम्पनी प्रोफाइल, प्रोडक्ट प्रोफाइल तथा अडियो भिडियो प्रचार प्रसार सामाग्री सहित निबेदन दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। साथै यस सम्वन्धी विस्तृत जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

मेला तथा प्रदर्शनी शाखा

सम्पर्क नम्वरः०१५५२५८९८, ०१५५२५३४८

## Egypt को Nasr शहरमा आगामी 29$^{th}$ February देखी 9$^{th}$ March, 2024 सम्म आयोजना हुने Cairo International Fair मा सहभागीता सम्वन्धी

### मापदण्ड २०८०

**सहभागिता छनौट सम्वन्धी मापदण्डहरुः**

१. नेपालको प्रचलित कानून बमोजिम दर्ता भएको उत्पादक, निकासीकर्ता, व्यवसायी फर्म, संघ/संस्था हुनु पर्ने छ।

२. नेपाल सरकारलाई नियम अनुसार आ. व. २०७९/८० को कर भुक्तानी गरी कम्पनी नवीकरण भएको हुनु पर्ने छ।

३. केन्द्रको सहयोगमा विगतमा सहभागि नभएका उत्पादक, निकासीकर्ता, फर्म, कम्पनी, संघ/सस्थालाई विशेष ग्राह्यता दिइने छ।

४. छनौट भई सके पछि मेलामा सहभागिता नभएको खण्डमा मेला सहभागिताको सिलसिलामा केन्द्रबाट भएका सम्पूर्ण भुक्तानी फिर्ता गर्ने लगायत अन्य कानून बमोजिमको व्यवस्थाको पालना गर्न प्रतिबद्धता जनाउन पर्ने छ।

५. आयोजकले मेला सम्वन्धी लागु गरेको सम्पूर्ण शर्त तथा व्यवस्थाको पालना गर्नु पर्ने छ।

६. उक्त मेलामा छनौट भई सहभागि हुने उत्पादक, निकासीकर्ता, फर्म, कम्पनी, संघ/सस्थाले मेलामा प्रदर्शन गर्ने वस्तुहरुको Sample, Product catalogue, Document, Publicity material लगायतका अंग्रेजी भाषामा लेखिएका सामाग्रीहरु केन्द्रमा पेश गर्नु पर्ने छ।

७. मेलामा जादा हुने कुनै पनि प्रकारको प्राकृतिक तथा दैविक घटना एवं दुर्घटना भएमा स्वयम जिम्मेवार हुने /रहने छ। सोका लागि केन्द्रले कुनै दायित्व वहन गर्ने छैन।

८. मेलामा प्रदर्शनीको लागि लगिएका माल वस्तु फिर्ता ल्याउने जिम्मेवारी सम्बन्धित सहभागीको हुने छ।

९. केन्द्रले स्टल/ बुथको बाहेक अन्य आर्थिक दायित्वको जिम्मेवारी बहन गर्ने छैन।

१०. मेला समापन भई सके पछि अनिवार्य रुपमा मेलामा सहभागिता जनाउने उद्योग फर्म/कम्पनी संघ सस्थाले मेलाबाट प्राप्त Buy order, Business Opportunity आदि सहितको प्रगती प्रतिबेदन मेला समापन भएको १५ दिन भित्र अनिवार्य रुपमा केन्द्र बुझाउनु पर्ने छ।

११. राष्ट्रको गौरव र गरिमा बढाउने गरी मेलामा सहभागिता गर्नु पर्ने छ।

१२. कुनै पनि प्रकारको गैर कानूनी कार्यमा संलग्न हुन पाइने छैन। सो देखिएमा प्रचलित कानून बमोजिम कारबाही हुने छ।

१३. मेलामा बढी भन्दा बढी B2B Meeting लाई प्राथमिकता दिने र मागलाई ध्यान दिने गरी मेलामा सहभागिता गर्नु पर्ने छ।

१४. उल्लेखित मापदण्डलाई नेपाली सहभागि/हरुले पूर्ण पालना गर्नु पर्ने छ। मापदण्डहरुको विपरित कार्य गरेमा भविश्यमा केन्द्रबाट प्राप्त हुने अवसरहरुबाट बन्चित गरिने छ।

१५. स्टल/बुथमा लागत सहभागिता हुने गरी आंशिक सहयोग प्रदान गर्ने वा नगर्ने अन्तिम अधिकार केन्द्रमा निहित हुने छ।